# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/२६

चौथो अधिवेसन

(१४औँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको १४औँ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**४. माननीय सदस्यहरु,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी :-** माननीय **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रशस्त गरी दिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूलाई धन्यवाद प्रदान गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेशमा आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्न अत्यावश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउँन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमती प्राप्त भएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** सभा समक्ष टेबुल गर्दछु । धन्यवाद ।

***(टेबुल गरेपछि)***

**५. माननीय सदस्यहरु,**

अब, **“सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको आजको कार्बाही यहि समाप्त हुन्छ ।

**६. माननीय सदस्यहरु,**

अब, "प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**७. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**८. माननीय सदस्यहरू,**

अब म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी लाई "**प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी :-** माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भनि प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेश भएपछि)*

**९. माननीय सदस्यहरू,**

अब म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको**

**सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा गरिसकेपछि)*

१०. **माननीय सदस्यहरु,**

**"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

११. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ २७ गते सोमबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।